# "नौगाड गाउँपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९"

कार्यपालिकाबाट स्वीकृत मिति २०७९/०३/१४

**नौगाड गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**होपरीगाड, दार्चुला**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

स्वीकृत मितिः २०७९/०३/१४

# "नौगाड गाउँपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९"

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (३) बमोजिम बाल अधिकारको संरक्षण र संवर्द्धनका लागि कार्यविधि निर्माण गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ प्रयोग गरी नौगाड गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम **"नौगाड गाउँपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"ऐन"** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) **"मन्त्रालय"** भन्नाले नेपाल सरकारको बाल बालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ग) **"प्रदेश"** मन्त्रालय भन्नाले सुदूर पश्चिम प्रदेशको साकमाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(घ) **"प्रदेश समिति"** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (१) बमोजिमको प्रदेश बाल अधिकार समिति सम्झनु पर्छ ।

(ङ) **"गाउँपालिका"** भन्नाले नौगाड गाउँपालिका सम्झनु पर्छ ।

(च) **"समिति"** भन्नाले यस कार्यविधि दफा ३ र ५ बमोजिमको स्थानीय बाल अधिकार समिति सम्झनु पर्छ ।

## परिच्छेद – २

**३. गाउँ बाल अधिकार समितिको गठन:**

(१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्बर्द्धन गर्न गाउँपालिकामा देहाय बमोजिमको गाउँ बाल अधिकार समिति रहने छ ।

| | |
|---|---|
| (क) उपाध्यक्ष वा उपाध्यक्षले तोकेको कार्यपालिका सदस्य | -अध्यक्ष |
| (ख) अध्यक्ष वा उपाध्यक्षले तोकेको महिला वडा सदस्य सहित दुइ जना वडा सदस्य | - सदस्य |
| (ग) शिक्षा शाखा प्रमुख | - सदस्य |
| (घ) स्वास्थ्य शाखा प्रमुख | - सदस्य |
| (ङ) गाउँपालिका भित्रको प्रहरी कार्यालय प्रमुख | - सदस्य |
| (च) उपाध्यक्ष वा उपाध्यक्षले तोकेको माध्यमिक विद्यालयको प्रधानाध्यापक वा शिक्षक | -सदस्य |

(छ) बाल अधिकारको क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्ये बाट अध्यक्ष वा उपाध्यक्षले मनोनयन गरेका दुई जना -सदस्य

(ज) महिला समुह वा संस्थाको प्रतिनिधि - सदस्य

(झ) बाल अधिकारको क्षेत्रमा क्रियासिल गै.स.स. प्रतिनिधि - सदस्य

(ञ) बाल मनोविज्ञ - सदस्य

(ट) गाउपालिका स्तरीय बाल क्लव सञ्जालको अध्यक्ष सहित २ जना (बालक र बालिका) - सदस्य

(ठ) स्थानीय सन्चारकर्मी -सदस्य

(ड) महिला बालबालिका तथा समाज कल्याण शाखा प्रमुख -सदस्य सचिव

(२) मनोनित सदस्यको पदावधि चार बर्षको हुनेछ ।

४. **गाँउ बाल समितिको काम, कर्तव्य र अधिकार** : (१) दफा ३ बमोजिम गठित हुने गाउँ बाल अधिकार समितको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) समितिको दिर्घकालिन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिका लागि आवस्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम संस्थागत संयन्त्रको ब्यवस्था गर्न गाउँपालिकालाई सुझाव दिने,

(ग) गाउँपालिकामा सन्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन र मुल्याङकन तथा समिक्षा गरि सुझाव दिने,

(घ) बाल अधिकार सम्वन्धी कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र अन्य सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने ।

(ङ) नेपाल पक्ष रहेका बाल अधिकार सम्वन्धी अन्तराष्टिय, क्षेत्रिय सन्धिसंग सम्बन्धित तह स्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजिकरण गर्ने,

(च) गाउँपालिका भित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारिरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बालहिंसाका रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उदार, पुन:स्थापना, संरक्षण र व्यवस्थापन र बालबालिका खोजतलास नं. १०४ तथा बालहेल्पलाइन नं.१०९८ (दश नौ आठ ) नेपाल सन्चालन सेवा अभिवृदि जस्ता कार्यमा समन्वय, सहयोग सहजिकरण गर्ने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्वन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने/गराउने,

(ज) बालबालिका सम्बन्धी प्रतिवेदन तयार गरि, प्रदेश मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् र सम्बन्धित निकायहरुमा पठाउने ।

(झ) बालबालिका सम्वन्धी स्थानीय तथ्याङ्क / विवरण संकलन, अभिलेखिकरण तथा सूचना प्रणालीको विकास, व्यवस्थापन र सुदृढिकरणमा सहयोग गर्ने,

(ञ) बालसंरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि संचालन हुने राष्ट्रिय/प्रादेशिक र गाउँपालिकाको अभियानमा सहयोग गर्ने,

भास्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

(ट) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पति तथा व्यक्तिलाइ गाउँपालिकामा सूचिकृत गरि आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थित गर्न सहजिकरण गर्ने,

(ठ) विशेष संरक्षणको आवस्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन,दिन संरक्षक र माथवर नियुक्त गर्न गाउँपालिका र अदालतलाई सहयोग गर्ने,

(ड) प्रचलित कानुन तथा मापदण्ड बमोजिम सन्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकिकरण केन्द्रहरुलाई सुधारका लागि निर्देशन दिने। निर्देशन पालना नगरेमा बन्द तथा कार्वाहि गर्न सुझाव सहित सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ढ) गाउँपालिकाभित्र सन्चालित बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताको सम्बन्धमा देहायका बुदाहरुमा अनुगमन टोली\ समिति गठन गरि अनुगमन गर्ने \गराउने।

(१)बालबालिकाको वैयक्तिक विवरण अधावधिक गरिराखेको छ वा छैन,

(२)बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ कि छैन,

(३)बाल क्लब गठन गरि बालबालिकालाई खेलकुद मनोरन्जन तथा सांस्कृतिक कार्यक्रम लगायत बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराईएको छ वा छैन,

(४)बालबालिकालाई ऐन, प्रचलित कानुन मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन

(५)बाल गृह, बाल सुधार गृह, अस्थायि संरक्षण सेवाकेन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकिकरण केन्द्रमा कुनै अवाञ्छित कार्य भए गरेको छ वा छैन,

(ण) तोकिए बमोजिमका अन्य कार्य

(२) गाउँ बालअधिकार समितिले उपदफा (१) बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये केहि अधिकार आवश्यकता अनुसार सदस्य सचिवले गर्न सक्ने छ ।

**५. वडा बालअधिकार समितिको गठन :** गाउँपालिकामा प्रत्येक वडा भित्र देहाय बमोजिमको वडा बालअधिकार समिति रहनेछ ।

१. वडा अध्यक्ष\अध्यक्षले तोकेको व्यक्ति : अध्यक्ष

२. वडा महिला सदस्य : सदस्य

३. वडा भित्रको स्वास्थय संस्था प्रमुख प्रतिनिधि : सदस्य

४. वडा भित्रका सामुदायिक विद्यालयहरु वा सस्थागत विद्यालयहरु मध्येबाट वडाअध्यक्षले तोकेको एक जना प्र.अ. : सदस्य

५. बाल बालिका क्षेत्रमा क्रियासिल वडा भित्रका गैससबाट अध्यक्षले तोकेको प्रतिनिधि : सदस्य

६. महिला संस्था/वडा महिला सञ्जाल प्रतिनिधि : सदस्य

७. वडा बाल सञ्जाल प्रतिनिधि : सदस्य

८. बाल अधिकार क्षेत्रमा कार्यानुभव भएको वडा अध्यक्षले तोकेको ब्यक्ति सदस्य

९. वडा सचिव : सदस्य सचिव

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

## ४. वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार

(१) बाल अधिकारको क्षेत्रमा स्थानीय बवश्यकता पहिचान योजना तर्जुमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने/गराउने।

(२) वडाभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र गाउँ बाल अधिकार समिति समक्ष पेस गर्ने।

(३) वडाभित्र बालबालिकाहरुका क्षेत्रमा कार्यरत संघसंस्था बालक्लब लगायतका सरोकारवालाबीच आवश्यक समन्वय र सहकार्य गरी बाल अधिकार सम्बन्धी संरक्षणात्मक र प्रवर्द्धनात्मक कार्यहरु गर्ने/गराउने।

(४) बाल अधिकारको क्षेत्रमा स्थानीय संघ संस्थालाइ कार्य गर्न उत्प्रेरित गर्ने ।

(५) जोखिममा परेका बालबालिकालाइ तत्काल उद्धारका लागि स्थानीय बाल अधिकार समिति र सम्बन्धित निकायसंग समन्वय गर्ने।

(६) वडाभित्र बाल अधिकार हनन् भएका घटनाका सम्बन्धमा सम्बन्धित निकायसंग समन्वयकारी भूमिका निर्वाह गर्ने।

(७) आवश्यकाता अनुसार बालबालिकाहरुको निमित्त आकस्मिक सहयोगको ब्यवस्था गर्ने ।

(८) बाल अधिकारको सम्मान संक्षरण र प्रवर्द्धनका लागि वकालत गर्ने र वडा समितिलाइ वडा समितिलाई बाल अधिकारको क्षेत्रमा आवश्यक सुझाव दिने।

(९) वडाभित्र बालबालिकाका सम्बन्धमा भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने प्रतिवेदन तयार गर्ने र गाउँ बालअधिकार समिति समक्ष पेस गर्ने।

(१०) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने/गराउने।

## ५. गाउँ / वडा बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधि :

गाउँ बाल अधिकार समिति तथा वडा बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ।

(१) समितिको बैठक कम्तिमा बर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

(३) सदस्य सचिवले समितिको बैठक बस्ने सूचना सोही बैठकबाट छलफल हुने विषयहरुको सूचि सहित तीन दिन अगाडि समितिका सदस्यहरुलाइ उपलब्ध गराउने पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुमध्ये बाट छानेको सदस्यले बैटकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ।

(७) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने ब्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च गाउँपालिकाको नियमानुसार हनेछ।

भास्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

(९) बैटक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।
(१०) समितिको बैठकमा आवश्यकता अनुसार विषयसंग सम्बन्धित ब्यक्तिहरुलाइ आमन्त्रण गर्न सकिनेछ।

**६. उप समिति वा कार्य टोली गठन गर्न सक्ने**

(१) स्थानीय समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारुपले सञ्चालन गर्नका निमित्त बाल विशेषज्ञ वा विज्ञ बाल, मनोविज्ञ, समाजसेवी समाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्येबाट आवश्यकता अनुसार समावेस हुनेगरी निश्चित अवधिका लागि बढीमा तिन सदस्यीय उप समितिवा कार्य टोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम गठनहुने उप समिति वा कार्य टोलीको काम कर्तव्य र अधिकार कार्य प्रकृति अनसार काममा खटिए वा काम गरे वाफत टोली वा सदस्यले पाउने पारिश्रमिक वा भत्ता वा सेवा सुविधा तथा अन्य कार्यविधि गाउँपालिकाको प्रचलित नियमानुसार समितिले तोकिदिए बमोजिम हुनेछ ।

**७. विविध**

स्थानीय बाल अधिकर समितिलाई अंग्रेमा ***Local Child Rights Board*** भनिनेछ।

पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत